बैठक संख्या.

आज मिति २०८२ साल माघ २६ गते शनिबारका दिन अर्जुनधारा नगरपालिकाका नगर प्रमुख श्री हरिकुमार राना ज्यू को अध्यक्षतामा नगर कार्यपालिका (बोर्ड) बैठक बसी निम्नानुसार निर्णयहरु गरियो।

उपस्थिती:

(१) नगर प्रमुख, श्री हरिकुमार राना, अध्यक्ष,
(२) नगर उप प्रमुख श्री कमला आचार्य, सदस्य
(३) वडा अध्यक्ष, वडा नं १, श्री गजाधर खतिवडा, "
(४) " " २ श्री रघुनाथ खनाल, "
(५) " " ३, श्री जीवकुमार भण्डारी, "
(६) " " ४, श्री दुर्गाप्रसाद दाहाल, "
(७) " " ५, श्री ध्यानबहादुर भारती, "
(८) " " ६, श्री लोकनाथ गौतम, "
(९) " " ७, श्री नवराम दुङ्गाना, "
(१०) " " ८, श्री गोपिचन्द्र गौतम, "
(११) " " ९, श्री पुवपकुमार प्रसाई, "
(१२) " " १०, श्री बलदेवसिंह गोम्देन, "
(१३) " " ११, श्री भैरबबहादुर खड्का, "
(१४) नगर कार्यपालिका सदस्य, श्री दिलमाया दास, "
(१५) " " " श्री शारदाकुमारी भट्टराई, "
(१६) " " " श्री हरिमाया भण्डारी, "
(१७) " " " श्री शकुन्तला बराल, "
(१८) " " " श्रीलक्ष्मी तामाङ्ग, "
(१९) " " " श्री दिलीप गुरुङ्ग, "
(२०) " " " श्री रमेशकुमार दर्जी, "
(२१) " " " श्री विनमान दार्जी, "
(२२) सचिव प्रमुख प्रसासकीय अधिकृत, श्री पङ्कज मुर्तेल, सचिव
(२३) खरिदार, श्री सोजन कटुवाल, आमन्त्रित
(२४) न.प्र. स्वकीय सचिव, श्री गजेन्द्र खनाल, "

मिति २०७५/१०/२६ गते बसेको नगर कार्यपालिकाको बैठकले देहाय बमोजिम निर्णयहरु गरियो।

१.यस नगरपालिकाका नदिहरुबाट नदिजन्य सामाग्री उत्खननका लागि भईरहेको अवरोध एवं त्यससँग सम्बन्धित अन्य विषयहरुका सम्बन्धमा मिति २०७५/१०/२२ गते नगरपालिका कार्यालयमा भएको सर्वपक्षिय बैठकका निर्णयहरु अनुमोदन गर्ने ।साथै,उक्त सर्वपक्षीय बैठकको निर्णयानुसार नगरपालिकाको दायित्वमा आउने विषयहरु क्रमशः कार्यन्वयन गर्दै लैजाने।

२.अर्जुनधारा नगरपालिकाका नदिहरुमा कार्यरत नदिजन्य श्रमिकहरुलाई परिचय पत्र वितरण गर्न तथा सुचिकृत गर्नका लागि बनेको नदिजन्य श्रमिक परिचयपत्र वितरण निर्देशिका,२०७५ स्वीकृत गरी लागू गर्ने।

३.बिरिङ्ग नदि नियन्त्रणका लागि त्यस क्षेत्रका उपभोक्ता ,बुद्धशान्ती गाउँपालिका,अर्जुनधारा नगरपालिका एवं प्रदेश तथा संघीय सरकारबाट लागत साझेदारीमा तटबन्धन तथा चेक ड्याम निर्माण गर्न तथा उक्त समस्याको अस्थायी/स्थायी समाधान गर्नका लागि परामर्श तथा प्राविधिक आर्थिक व्यवस्थापनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।साथै, झापा जिल्ला सिँचाई,खानेपानी तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयसँग समन्वय गरी खानेपानीको मुहान तथा कृषि कुलोको संरक्षण र नदि कटान समेतको संरक्षण गर्न प्रारम्भिक अध्ययन छलफल गरी आवश्यक आगामी कार्ययोजना निर्धारण गर्ने।

४.सर्वपक्षीय बैठकको निर्णयानुसार बिरिङ्ग टाङ्गटिङ्ग नदिमा ठेकेदार र नदि श्रमिकले नदिजन्य सामाग्री उत्खनन गर्ने क्षेत्र छुट्याउनका लागि नगरस्तरीय अनुगमन समिति तथा सम्बन्धित वडा कार्यालयले प्रक्रिया अघि बढाउने।

५.वडा नं ६ स्थित महानन्द चौकमा निर्माणाधिन नगर प्रवेशद्वार निर्माणमा अवरोध गरिरहेको विद्युत पोल स्थानान्तरणका लागि लागत स्टमेट अनुसार नेपाल विद्युत प्राधिकरणसँग ५०/५० % लागत साझेदारीमा स्थानान्तरण गर्ने।

६.साविक शनिश्चरे ६(क)हाल अर्जुनधारा ११ स्थित पूर्वमा वन,पश्चिममा नम्बरी आवादी तथा देउनिया खोला,उत्तरमा नम्बरी आवादी जग्गा र दक्षिणमा पूर्व पश्चिम राजमार्ग रहेको करिब १० विघाहा क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) को आंगिक क्याम्पस निर्माण गर्नका लागि लागि अनुरोध गर्ने।

७.(क)वडा नं. १ स्थित शशि टर्कि कृषि फर्म घेराबाराका लागि आर्थिक सहयोग माग भई आएकामा उक्त कृषि फर्म घेराबाराका लागि रु ५०,०००/- (पचास हजार मात्र) विनियोजन गर्ने।

अर्जुनधारा नगरपालिका कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा ९ नं.प्रदेश, नेपाल

२०७५/१०/२६

हरि कुमार राना मगर
नगर प्रमुख

(ख)वडा नं. ७ स्थित महिला चेतना बहुउद्देश्यीय सहकारी संस्थाबाट युरिया मोलासेस ब्लक उद्योग सञ्चालन गर्न मिक्चर मेसिन खरिद गर्न सहयोग माग भई आएकामा उक्त सहकारी संस्थालाई उक्त कार्यका लागि रु ५०,०००/- (पचास हजार मात्र) विनियोजन गर्ने ।

(ग)वडा नं. १ स्थित ठूलो नेते खोलाको धार परीवर्तन गर्न बाँध निर्माण गर्न वडा कार्यालयबाट प्राप्त सिफारिस अनुसार रु १,२४,०००/- (एक लाख चौबिस हजार मात्र)विनियोजन गर्ने ।

(घ)मिडिया रिसर्च सेन्टरद्वारा प्रकाशित समृद्धि किताब ८० थान खरिद गर्ने ।

(ङ) वडा नं ३ स्थित कैदलेमा ईनार निर्माण गर्नका लागि रु १,२५,०००/- (एक लाख पच्चिस हजार मात्र) विनियोजन गर्ने ।

(च)वडा नं. ७ मा चन्द्रमाया मालेलाई ट्युबवेल जडान गर्न रु १०,०००/- (दश हजार मात्र ) र वडा नं. ११ मा शालिग्राम नेपाललाई शौचालय निर्माण गर्न रु १०,०००/- (दस हजार मात्र) विनियोजन गर्ने ।

२०७५/१०/२६

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
नं.प्रदेश, नेपाल

हरी कुमार राना मगर
नगर प्रमुख